नेपाल सरकार

# अर्थ मन्त्रालय

(वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या:- वि.क्षे.व्य. २०७५/०७६

४२५

मिति : २०७५/०८/०९

राष्ट्रिय बीमा संस्थान
आ.नं. २५८८
२०७५/८/११

विषय: **कार्यविधी कार्यान्वयन गर्ने सम्बन्धमा ।**

श्री नागरिक लगानी कोष,
नयां बानेश्वर, काठमाडौं ।

श्री राष्ट्रिय बीमा संस्थान,
रामशाहपथ,काठमाडौं ।

राष्ट्रसेवक कर्मचारीहरुको सावधिक जीवन बीमा सञ्चालन कार्यविधी,२०७५ मिति २०७५।०८।०३ को नेपाल सरकार, मन्त्रीपरिषद् बैठकबाट स्वीकृत भई आएकोले कार्यविधी कार्यान्वयनका लागि यसै पत्रसाथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध छ ।

.............
(सुनिता खनाल)
शाखा अधिकृत

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, स.स.म. ४२११९९३, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, अनुगमन तथा मू.म. ४२००४१८, कानून तथा प.म. ४२११८१३, वि.क्षे.व्य.म. ४२११७३०
फ्याक्स नं. ४२११११६४, ४२११३४८ (बजेट म.), ४२१११६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेब साईट: www.mof.gov.np

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय

(.............................. शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-
च.नं. :- ६.२ १२८८

मिति : २०७५/८/३

श्री सचिवालय (सा.बि.व.)
श्री सचिवालय, अभिलेख
श्री ... वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा
आवश्यक कार्यार्थ ।
८।६

श्री सचिव,
अर्थ मन्त्रालय ।

राष्ट्रसेवक कर्मचारीहरुको सावधिक जीवन बीमा सञ्चालन कार्यविधि, २०७५ स्वीकृत गर्ने विषय मं.प.बै.सं. ४०/०७५ मिति २०७५/८/३ को मन्त्रिपरिषद्‌को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्‌ले देहायबमोजिम निर्णय गरेकोले सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ बमोजिम अनुरोध गरेको छु–

<u>नेपाल सरकारको निर्णय</u>–

"राष्ट्रसेवक कर्मचारीहरुको सावधिक जीवन बीमा सञ्चालन कार्यविधि, २०७५ स्वीकृत गर्ने विषयको अर्थ मन्त्रालयको नं. २/८०-०७५।६।२३ को प्रस्ताव मं.प.बै.सं. ३६/०७५ मिति २०७५।६।२८ को मन्त्रिपरिषद्‌को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने ।" निर्णय भएअनुसार मिति २०७५।७।८ को मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिको बैठकबाट परिमार्जन गरिएको यसैसाथ संलग्न "राष्ट्रसेवक कर्मचारीहरुको सावधिक जीवन बीमा सञ्चालन कार्यविधि, २०७५" स्वीकृति गर्ने ।"

उ.स. श्री शिवाजी,
CIT र राष्ट्रिय बीमा संस्थानमा
एक एक प्रति कार्यान्वयनको लागि
पठाउने ।
२०७५।८।५

(लोकदर्शन रेग्मी)
मुख्यसचिव


टेलिफोन : ४२११०..., ४२११०६०, ४२११०..., ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
इमेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय

(.............................. शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-
च.नं. :-

मिति : २०७५/८/३

श्री सचिव,
अर्थ मन्त्रालय ।

राष्ट्रसेवक कर्मचारीहरुको सावधिक जीवन बीमा सञ्चालन कार्यविधि, २०७५ स्वीकृत गर्ने विषय मं.प.बै.सं. ४०/०७५ मिति २०७५/८/३ को मन्त्रिपरिषद्‌को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्‌ले देहायबमोजिम निर्णय गरेकोले सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ बमोजिम अनुरोध गरेको छु–

<u>नेपाल सरकारको निर्णय</u>–

"राष्ट्रसेवक कर्मचारीहरुको सावधिक जीवन बीमा सञ्चालन कार्यविधि, २०७५ स्वीकृत गर्ने विषयको अर्थ मन्त्रालयको नं. २/८०-०७५।६।२३ को प्रस्ताव मं.प.बै.सं. ३६/०७५ मिति २०७५।६।२८ को मन्त्रिपरिषद्‌को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने ।" निर्णय भएअनुसार मिति २०७५।७।८ को मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिको बैठकबाट परिमार्जन गरिएको यसैसाथ संलग्न "राष्ट्रसेवक कर्मचारीहरुको सावधिक जीवन बीमा सञ्चालन कार्यविधि, २०७५" स्वीकृति गर्ने ।"

(लोकदर्शन रेग्मी)
मुख्यसचिव

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फयाक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
इमेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

प्रस्तावना: आर्थिक वर्ष २०७५।७६ को बजेट वक्तव्यमा बीमा प्रिमियमको ५० प्रतिशत नेपाल सरकारबाट र ५० प्रतिशत सम्बन्धित कर्मचारीले व्यहोर्ने गरी राष्ट्रसेवक कर्मचारीहरुको सावधिक जीवन बीमाको बीमाङ्क वृद्धि गरी दुईलाख रुपैयाँ पु-याइएकोले उक्त कार्यक्रम कार्यान्वयन गरी राष्ट्रसेवक कर्मचारीहरुलाई थप सामाजिक सुरक्षा प्रदान गर्दै उनीहरुको मनोबल बढाई उत्पादकत्व अभिवृद्धि गर्न वाञ्छनीय भएकोले,

नेपाल सरकार, मन्त्रिपरिषदले यो कार्यविधि बनाएको छ ।

संक्षिप्त नाम र प्रारम्भ: (१) यस कार्यविधिको नाम "राष्ट्रसेवक कर्मचारीहरुको सावधिक जीवन बीमा संचालन कार्यविधि, २०७५" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा –

(क) "कार्यालय" भन्नाले सावधिक जीवन बीमा योजनामा सहभागी बीमितको कार्यालय सम्झनु पर्छ।

(ख) "कोष" भन्नाले नागरिक लगानी कोष ऐन, २०४७ बमोजिमको नागरिक लगानी कोष सम्झनु पर्छ।

(ग) "तलब" भन्नाले राष्ट्रसेवकले तलबमान बमोजिम प्राप्त गर्ने पारिश्रमिक सम्झनु पर्छ ।

(घ) "बीमा अवधि" भन्नाले बीमाका लागि तोकिएको निश्चित अवधि सम्झनु पर्छ ।

(ङ) "सावधिक जीवन बीमा योजना" भन्नाले राष्ट्रिय बीमा संस्थानद्वारा संचालित राष्ट्रसेवक कर्मचारीहरुको सावधिक जीवन बीमा योजना सम्झनु पर्छ ।

(च) "बीमित" भन्नाले सावधिक जीवन बीमा योजनामा रकम जम्मा गरी सहभागीको रुपमा दर्ता भएको राष्ट्रसेवक सम्झनु पर्छ ।

(छ) "बोनस" भन्नाले सावधिक जीवन बीमा योजनामा सहभागी बीमितहरुलाई प्रदान गरिने प्रतिफल स्वरुपको रकम सम्झनु पर्छ ।

(ज) "राष्ट्रसेवक" भन्नाले निजामती कर्मचारी, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल तथा सामुदायिक विद्यालयका शिक्षक सम्झनु पर्छ र सो शब्दले सावधिक जीवन बीमा योजनाको सुविधा पाउने सेवाको पदमा बहाल रहेको व्यक्तिलाई समेत जनाउँछ ।

(झ) "संस्थान" भन्नाले राष्ट्रिय बीमा संस्थान ऐन, २०२५ बमोजिमको राष्ट्रिय बीमा संस्थान सम्झनु पर्छ।

३. सावधिक जीवन बीमा योजना : (१) नेपाल सरकारले राष्ट्रसेवकको लागि मिति २०७५ साल साउन १ गते देखि लागू हुने गरी सावधिक जीवन बीमा (मुनाफामा सरिक हुने) संस्थानमा गर्नेछ । र बीमीतको बीमा योजनामा सरिक हुने वा नविकरण हुने मिति प्रत्येक आर्थिक वर्षको श्रावण १ गते हुनेछ ।

(२) उपदफा (१) बमोजिमको सावधिक जीवन बीमा योजना राष्ट्रसेवकको अवकाश हुने उमेरको आधारमा बढिमा बीस वर्षको हुनेछ ।

(३) उपदफा (२) बमोजिमको सावधिक जीवन बीमा योजनाको अवधि भुक्तान भए पछि सेवामा निरन्तरता हुने राष्ट्रसेवकको यसै कार्यविधि बमोजिम पुनः बीमा अवधि शुरु हुनेछ ।

(४) नेपाल सरकारले यस बीमा योजनामा सहभागी राष्ट्रसेवकका लागि दोहोरो दुर्घटना
लाभको सुविधा प्रदान गर्न आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

४. योगदान रकम कोषमा जम्मा गर्नु पर्ने : (१) कार्यालयले राष्ट्रसेवकको मासिक तलबबाट
सामुहिक सावधिक जीवन बीमाशुल्क बापत चारसय रुपैयाँ योगदान गरी त्यसमा नेपाल
सरकारको तर्फबाट थपिने चारसय रुपैयाँ समेत २०७५ साउन महिनादेखि कोषमा जम्मा गर्नु
पर्नेछ ।

(२) कोषमा राष्ट्रसेवक तथा नेपाल सरकारले बीमाको रुपमा जम्मा गरेको सावधिक
बीमा योजनाको २०७५ असार महिनासम्मको जम्मा हुन आएको साँवा रकम र प्रिमियम भुक्तानी
हुने मितिसम्म पाकेको व्याज समेत समावेश गरी एकमुष्ठ हुन आउने रकम मध्ये नौ हजार छ
सय रुपैयाँ संस्थानमा दाखिला गरी बाँकी हुन आउने रकम कोषद्वारा सञ्चालित बचत वृद्धि
कार्यक्रम वा यस्तै अन्य कार्यक्रममा रहेको सम्बन्धित राष्ट्रसेवकको खातामा ट्रान्सफर गरी दिनु
पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको रकमभन्दा कम रकम भएका राष्ट्रसेवकहरुको हकमा
निजहरुले सो बराबरको नपुग रकम व्यक्तिगत रुपमा दाखिला गर्नु पर्नेछ ।

(४) कोषले उपदफा (२) बमोजिम खाता नभएका राष्ट्रसेवकको छुटै खाता खोली
रकम जम्मा गरी दिनु पर्नेछ ।

(५) उपदफा (३) बमोजिम ट्रान्सफर वा जम्मा गरेको रकम कोषले सम्बन्धित
राष्ट्रसेवक अवकाश भएपछि प्रतिफल सहित भुक्तानी दिनु पर्नेछ ।

(६) यस कार्यविधिमा उल्लेख भए बाहेकका बीमा योजना सम्बन्धी अन्य व्यवस्था, बीमा
सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ ।

(७) यस कार्यविधि बमोजिमको बीमा योजना सञ्चालन, कार्यान्वयन, समन्वय तथा
निर्देशन अर्थ मन्त्रालयले गर्नेछ ।

५. सावधिक जीवन बीमा योजनामा सहभागिता: (१) दफा ३ बमोजिमको सावधिक जीवन बीमा
योजना मिति २०७५ साल साउन १ गतेसम्म स्थायी पदमा बहाल रहेका र त्यस पछि नयाँ
नियुक्ति हुने राष्ट्रसेवकलाई अनिवार्य रुपमा सहभागी गराइनेछ ।

(२) उपदफा (१) बमोजिमको बीमा योजनामा सहभागी हुने राष्ट्रसेवकहरुको अनुसुची-१
बमोजिमको व्यक्तिगत विवरण कार्यालयले संस्थानमा पठाउनु पर्नेछ ।

(३) यो कार्यविधि प्रारम्भ भएपछि नियुक्ति हुने राष्ट्रसेवकको हकमा नियुक्तिपत्र बुझेको
एक महिना भित्र अनुसुची-१ बमोजिमको व्यक्तिगत विवरण कार्यालयबाट भरी संस्थानमा पठाउनु
पर्नेछ ।

तर बीमा योजना शुरु मिति पछि नियुक्ति हुने राष्ट्रसेवकको हकमा नपुग हुने बार्षिक
बीमा शुल्क र सो को विलम्ब शुल्कको रकम सम्बन्धित राष्ट्रसेवकले जम्मा गरी अघिल्लो शुरु
मितिमा वा आगामी वर्षको श्रावण १ गतेबाट बार्षिक बीमा शुल्क तिरी बीमा योजनामा सरिक
हुन सकिनेछ ।

(४) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आर्थिक वर्ष
२०७५।७६ भित्र सेवा निबृत्त हुने राष्ट्रसेवकले यो योजनामा सरिक हुन नचाहेमा सो को
जानकारी कोषले सूचना प्रकाशन गरी तोकेको मितिभित्र आफू कार्यरत कार्यालय मार्फत कोषमा
दिनु पर्नेछ ।

६. <u>सावधिक जीवन बीमा योजनाको रकम भुक्तानी:</u> (१) सावधिक जीवन बीमा योजनाको शुल्क वार्षिक रुपमा भुक्तानी गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको वार्षिक शुल्क बीमितको तर्फबाट कोषले संस्थानले तोकेको बैंक खातामा जम्मा गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम बैंक खातामा जम्मा गरेको विवरण सात दिन भित्र कोषले संस्थानमा पठाउनु पर्नेछ ।

(४) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि २०७५ सालको सावधिक जीवन बीमा योजना मिति २०७५ साल साउन १ गतेबाट लागु हुने गरी कोषले सो कार्यविधि स्वीकृत भएको मितिले पन्ध्र दिनभित्र संस्थानमा बुझाई उपदफा (३) बमोजिमको विवरण समेत पठाउनु पर्नेछ ।

(५) उपदफा (४) को प्रयोजनको लागि कोषले दफा ४ को उपदफा (२) बमोजिम रकम संस्थानमा पठाउनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम रकम जम्मा गर्दा संस्थानले कुनै विलम्व शुल्क लिन पाउने छैन ।

(७) कोषले प्रत्येक राष्ट्रसेवकको बीमा योजनाको वार्षिक नविकरण बीमाशुल्क संस्थानले तोकेको खातामा प्रत्येक आर्थिक बर्षको श्रावण ७ गतेभित्र एकमुष्ट जम्मा गरी सो को विवरण संस्थानमा पठाउनु पर्नेछ ।

(८) राष्ट्रसेवकको सावधिक जीवन बीमाको लागि अधिकतम उमेर ७० बर्ष हुनेछ ।

(९) उपदफा (८) बमोजिम उमेर कायम गर्दा ५० वर्ष भन्दा माथि उमेर भएका राष्ट्रसेवकहरुको हकमा २० बर्ष भन्दा घटी हुने अवधि कायम गरी अनुसूची-२ बमोजिमको फाराम भरी बीमा गरिनेछ ।

(१०) उपदफा (८) बमोजिम बीमा गर्दा थप हुने बीमा शुल्क सम्बन्धित राष्ट्रसेवकले व्यक्तिगत रुपमा वा निजको कोषमा साविकमा रहेको बीमा कोषबाट व्यहोरिनेछ ।

(११) उपदफा (९) बमोजिम यस्तो बीमा शुल्क निर्धारण गर्दा राष्ट्रसेवकले बीस बर्ष अवधिमा भुक्तानी गर्नु पर्ने कुल बीमा शुल्क एकलाख बयानब्बे हजार रुपैयाँलाई आधार मानी कायम हुन आउने बीमा अवधिले भाग गर्दा हुने गरी निर्धारण हुनेछ ।

(१२) बीमा गर्नु पर्ने राष्ट्रसेवकको एकिन तथ्यांक कोषले समयमै उपलब्ध गराउनु पर्नेछ ।

(१३) कुनै राष्ट्रसेवकको विवरण संस्थानमा पठाउन छुट भइ पछि समावेश गर्नु परेमा निज अवकाश हुनु अघिसम्म मात्र समावेश गर्न सकिनेछ ।

(१४) कोषबाट विवरण पठाउन छुट भएको कारणबाट राष्ट्रसेवकलाई परेको वा पर्न जाने नोक्सानीको क्षतिपूर्ति कोषले उपलब्ध गराउनु पर्नेछ ।

(१५) कोषबाट तथ्यांक र सो बराबरको बीमाशुल्क संस्थानमा एकमुष्ट रुपमा उपलब्ध गराउनु पर्नेछ ।

७. <u>रकम पठाउनु पर्ने:</u> (१) कार्यालयले बीमा योजनाको लागि कट्टि गरेको रकम तथा बीमा थप हुने रकम सहितको फाँटवारी तलव भुक्तानी गरेको सात दिन भित्र अनिवार्य रुपमा कोषले तोकेको बैंक खातामा दाखिला गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कट्टा भएको रकम समयमै दाखिला गर्ने दायित्व लेखा प्रमुख र कार्यालय प्रमुखको हनेछ ।

(३) यस दफा बमोजिम समयमै दाखिला नगरेबाट राष्ट्रसेवकलाई पर्न जाने हानी नोक्सानीको क्षतिपूर्ति रकम कार्यालय प्रमुख र लेखा प्रमुखबाट असुल उपर गरिनेछ ।

(४) कार्यालयले अनुसूची–१ तथा २ बमोजिमको बीमा रकमको फाँटवारी एक प्रति तयार गरी एक प्रति बैंक भौचर एक प्रति फाँटवारी मासिक रुपमा कोषमा पठाउनु पर्नेछ । एक प्रति बैंक भौचर र फाँटवारी कार्यालयको अभिलेखमा राखु पर्नेछ ।

८. <u>सावधिक जीवन बीमा योजनाको लाभः</u> संस्थानद्वारा जारी गरिएको सावधिक जीवन बीमा योजनाको लाभ बीमित राष्ट्रसेवक वा निजको हकवालाले सम्बन्धित कार्यालयको आधिकारिक पत्र र आवश्यक कागजातको आधारमा भुक्तानी लिन पाउनेछन् ।

९. <u>सावधिक जीवन बीमा कोष समबन्धी व्यवस्थाः</u> (१) संस्थानले सावधिक जीवन बीमा योजनाको छुट्टै कोष राखु पर्नेछ र बीमा व्यवसायबाट प्राप्त रकम सम्बन्धित कोषमा जम्मा गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम राखिएको कोषबाट अर्को बीमा व्यवसाय सम्बन्धी दायित्व व्यहोर्न पाइने छैन ।

१०. <u>बीमा व्यवस्थापन खर्चः</u> बीमा योजनाको कोषको व्यवस्थापन गरे वापत सेवा शुल्क स्वरुप बीमाशुल्क वापत संकलन भएको कुल रकमको ०.५ प्रतिशत (शुन्य दशमलव पाँच प्रतिशत) बराबरको रकम कोषले वार्षिक आयबाट कट्टी गरी लिन सक्नेछ ।

११. <u>सावधिक जीवन बीमा योजनामा रकमको भुक्तानीः</u> (१) देहायका अवस्थामा बीमा योजनामा उल्लिखित रकम बीमितलाई अनुसूची–३ बमोजिमको निवेदन फाराम भरी नियमानुसार भुक्तानी दिइनेछ :–

(क) बीमा परिपक्व (Maturity) भएमा बीमाङ्क रकम र आर्जित बोनस रकम एकमुष्ट,

(ख) बीमितको मृत्यु भएमा बीमांक रकम र आर्जित बोनस रकम एकमुष्ट,

(२) कुनै राष्ट्रसेवक बीमा अवधि बाँकी छदै सेवाबाट निवृत भएमा वा भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने वा नठहरिने गरी सेवाबाट बर्खास्त भएमा राष्ट्रसेवकले समेत सेवा निवृत्तको आधिकारिक पत्रको आधारमा समर्पण मूल्य वा चुक्ता मूल्य लिन वा व्यक्तिगत रुपमा सावधिक जीवन बीमा योजनामा निरन्तर राख्न सक्नेछ ।

<u>स्पष्टिकरणः</u> यस दफाको प्रयोजनका लागि,–

(क) "समर्पण मुल्य" भन्नाले बीमालेखमा तोकिएको अवधिको पूरा बीमाशुल्क भुक्तानी नहुँदै बीमितले बीमालेखमा प्राप्त हुन आउने रकम माग गरेमा संस्थानद्वारा प्रदान गरिने रकम सम्झनु पर्छ ।

(ख) "चुक्ता मुल्य" भन्नाले बीमालेखमा तोकिएको अवधिको पूरा बीमाशुल्क भुक्तानी नगरी बीमा अवधि समाप्ति पछि भुक्तानी गरिएको अवधिको बीमा शुल्कको आधारमा संस्थानद्वारा प्रदान गरिने रकम सम्झनु पर्छ ।

(३) बीमितको बीमा अवधि भित्र मृत्यु भएमा निजको इच्छाएको व्यक्तिलाई वा इच्छाएको व्यक्ति नभएमा बीमा सम्बन्धी प्रचलित कानून बमोजिम हकवालालाई मृत्यु दावी भुक्तानी दिइनेछ ।



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(४) उपदफा (२) बमोजिम मृत्यु दावी भुक्तानी रकम लिनको लागि देहायका विवरणहरू खुलाई दाबी भुक्तानीको निवेदन संस्थान समक्ष पेश गर्नु पर्नेछ :–

(क) दाबी सम्बन्धी विवरण ।

(ख) बीमितको मृत्यु दर्ता प्रमाणपत्र ।

(ग) दुर्घटनाबाट बीमितको मृत्यु भएमा बीमितको मृत्युको कारण सम्बन्धमा सरकारी चिकित्सकद्वारा गरिएको शव परीक्षणको प्रतिवेदन र सो नभए प्रहरी प्रतिवेदन ।

(घ) बीमितसँगको नाता प्रमाणपत्र ।

(ङ) संस्थानद्वारा तोकिदिएका अन्य विवरण ।

१२. <u>योजनाको बीमा कोष र लगानी:</u> (१) सावधिक जीवन बीमा योजना बापतको बीमाशुल्क रकमको लगानी प्रचलित कानून, राष्ट्रिय बीमा संस्थान ऐन, २०२५, बीमा ऐन, २०४९, बीमा समितिको लगानी निर्देशिका तथा अर्थ मन्त्रालयको निर्देशन बमोजिमको संस्थानको लगानी निर्देशिकाको परिधिभित्र रही अधिकतम प्रतिफल सहितको सुरक्षित लगानी गर्नु पर्नेछ ।

(२) यस योजना अन्तर्गतको बीमा कोष हिसाबको लेखा छुट्टै राखी सो को यसै योजनाका बीमितलाई बोनस बापत प्रदान गर्नु पर्नेछ ।

१३. <u>संस्थानको काम, कर्तव्य र अधिकार:</u> सावधिक जीवन बीमा योजना संचालन सम्बन्धमा संस्थानको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) सावधिक जीवन बीमा योजनामा सरिक भएका राष्ट्रसेवकको अनुसूची-१ बमोजिमको विवरण माग गर्ने ।

(ख) सावधिक जीवन बीमा लेख जारी गर्ने ।

१४. <u>जानकारी दिनुपर्ने:</u> (१) कुनै सहभागी राष्ट्रसेवक कार्यरत कार्यालयबाट अन्यत्र सरुवा भएमा सम्बन्धित कार्यालयले सोको जानकारी कोष र संस्थानलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम जानकारी दिंदा निज सरुवा भएको कार्यालय र सरुवा हुनुपूर्व त्यस कार्यालयबाट मासिक कोष कट्टी सम्बन्धी विवरण समेत खुलाउनु पर्नेछ ।

१५. <u>लेखा परीक्षण:</u> सावधिक जीवन बीमा योजनाको लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट परामर्श भएका स्वीकृत लेखापरीक्षकबाट गराउनु पर्नेछ ।

१६. <u>अनुसूचीमा संशोधन :</u> अर्थ मन्त्रालयले आवश्यकता अनुसार अनुसूचीमा हेरफेर वा संशोधन गर्न सक्नेछ ।

१७. <u>खारेजी र बचाउ:</u> (१) यस कार्यविधिमा उल्लिखित कुरा कोषको हाल सञ्चालनमा रहेका विभिन्न बीमा कार्यक्रम सञ्चालन कार्यविधिहरुसँग बाझिएमा बाझिएको हदसम्म कोषका कार्यविधिहरुमा उल्लिखित कुराहरु अमान्य हुनेछन् ।

(२) दफा ५ को उपदफा (४) बमोजिम सावधिक बीमा योजनामा सरिक हुन नचाहने राष्ट्रसेवकका हकमा कोषको सम्बन्धित बीमा कोष सञ्चालन कार्यविधि अनुसारका व्यवस्थाहरु लागू हुनेछन् ।



नेपाल सरकार

अनुसूची १

साबधिक जीवन बीमा योजनामा सहभागी राष्ट्रसेवकहरुको विवरण

दफा ५ उपदफा (३) संग सम्बन्धित

जी.ई. नं. ......... बीमा शुरु हुने मिति १७ जुलाई, २० (बि.सं.२० साल साउन १ गते) बीमा अवधिः २० वर्ष

| क.सं. | कर्मचारी संकेत नं. | कर्मचारीको नाम थर | लिङ्ग | पेशा | जन्म मिति | बीमांक रकम | बीमा शुल्क रकम | नागरिकता प्रमाण पत्र नं. | नियुक्ति मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | | | | |
| २. | | | | | | | | | | |
| ३. | | | | | | | | | | |

कार्यालयको नामः

आधिकारिक व्यक्तिको नामः

पदः

सहीः

मिति २० / /

कार्यालयको छाप



तथा मन्त्रिपरिषद्को कार्या

अनुसूची २

बीमा योजनामा सहभागी भएका राष्ट्रसेवकहरुको विवरण

दफा ६ उपदफा (९) संग सम्बन्धित

जी.ई नं. ........बीमा शुरु गर्ने मितिः१७ जुलाई २०.... (बि.सं.२०....साउन १ गते) वार्षिक बीमाशुल्कः रु.९६००।-

| क्र.सं. | कर्मचारी संकेत नं. | कर्मचारीको नाम थर | लिङ्ग | पेशा | जन्म मिति | बीमांक रकम | थप बीमा शुल्क (बीमा अवधि कम भएमा) | जम्मा बीमा शुल्क रकम | कायम हुने बीमा अवधि | नागरिकता प्रमाण पत्र नं. | नियुक्ति मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | | | | | | |
| २. | | | | | | | | | | | | |
| ३. | | | | | | | | | | | | |

कार्यालयको नामः

आधिकारिक व्यक्तिको नामः

पदः

सहीः

मितिः २०

कार्यालयको छापः

अनुसूची ३

सावधिक जीवन बीमा योजना रकमको भुक्तानी

दफा ११ को उपदफा (१) संग सम्बन्धित

मितिः २०.... /...... /.......

च.नं ........

श्री राष्ट्रिय बीमा संस्थान,
प्रधान कार्यालय, रामशाहपथ,
काठमाडौं ।

महोदय,

यस कार्यालयको ............. श्री ............................................. बीमालेख नं. ............ को सदस्यता नं ........ बीमांक रकम ................ बीमा शुरु मिति २०.... /....../....... भएको र मिति २०.... /....../....... मा अवधि समाप्ति / राजिनामा स्वीकृत / अवकाश / मृत्यु भएकोले ,

नोटः तल भएका बक्स मध्ये [ ] कुनै एउटामा चिनो लगाउनुहोला।

अवधि भुक्तानीः [ ]
व्यक्तिगतमा हस्तान्तरणः [ ]
समर्पण मूल्यः [ ]
चुक्ता मूल्यः [ ]
मृत्यु दावी मूल्यः [ ]

उपलब्ध गराउन अनुरोध गर्दछौं ।

कार्यालयको नामः
अधिकारिक व्यक्तिको नाम,.............
पदः ............................ ....
सही....................................
कार्यालयको छाप